नील हिरा
आवाज
वर्ष १ अंक २

# राष्ट्रिय सम्मेलन सम्पन्न




काठमाडौ - नर्वेजियली दातृसंस्था एल. एल. एच, FHI र युरोपियली संघको सहयोग र नील हिरा समाज तथा यौनिक तथा लैंगिक अल्पसंख्यक महासंघको संयुक्त आयोजनामा काठमाडौको अन्नपुर्ण होटलमा ३ दिने राष्ट्रिय सम्मेलन सम्पन्न भयो । उक्त कार्यक्रममा नेपालका पांचै विकास क्षेत्रका यौनिक तथा लैंगिक अल्पसंख्यकहरूका प्रतिनिधीहरू सहभागी भएका थिए । करिब २०० जना सहभागी रहेका उक्त भेलामा ३ दिनमा भिन्न भिन्न विषयमा छलफल आयोजना भएको थियो । पहिलो दिनमा एच.आई.भी एडस र यौनिक तथा लैंगिक अल्पसंख्यकको प्रजनन स्वास्थ्य सम्बन्धि निल हिरा समाज लगायत साझेदारी संस्थाले गरेका गतिविधीको बारेमा नील हिरा समाज एच.आई.भि एड्स रोक-थामका कार्यक्रम व्यवस्थापक श्री सलिना तामाङ्ले जानकारी प्रदान गर्नु भएको थियो । त्यस्तै मा. सभासद श्री सुनिल बाबु पन्तले नयां यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई यौनिकता तथा लैंगिकता विषयमा अभिमुखिकरण गर्नु भएको थियो । पहिलो दिनको पहिलो सेसनमा FHI, नेपाल HIV/AIDS control Board का सदस्य श्री डा. शरद वन्त तथा माननीय सभासद सुनिल बाबु पन्तले प्यानलमा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएको थियो । डा. शरद वन्तले एच.आइ.भि.एडस्को राष्ट्रिय रणनितीमा पुरुष पुरुषविच तथा तेश्रो लिंगीविच हुने यौन गतिविधीको कारणले यी समुदाय अझ बढि जोखिममा परेको कुरा किटेर सम्बोधन नभएपनि सरकारले एच.आइ.भि. एडस्को कार्यक्रममार्फत केहि पहल गरेको र भविष्यमा यस्ता कार्यक्रममा सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो ।

दोश्रो दिनमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको मानव अधिकार प्रर्वद्धन गर्ने तथा यो समुदायको अधिकार र सवालहरूलाई नयां बन्ने संविधानमा कसरी स्थापित गराउने विषयमा छलफल चलेको थियो । साथै सम्माननीय सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको कार्यन्वयनको अवस्थाको बारेमा पनि जानकारी आदान प्रदान भएको थियो । कार्यकममा संविधान सभाका विषयगत समितीका अध्यक्ष माननीय श्री वृन्दा पाण्डे, नेकपा एमालेका वरिष्ठ नेता तथा सभासद श्री प्रदिप ज्ञवाली, राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधी उपस्थित हुनुभई यौनिक तथा लैंगिक अल्पसंख्यकको आन्दोलन सकरात्मक निचोडमा पुगोस भनी शुभकामना दिनुभएको थियो भने उहांहरूले आफुले गर्नु पर्ने ठाउंमा यस समुदायलाई सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा माननीय सभासद सुनील बाबु पन्तले हालै भारतको दिल्लीस्थित उच्च न्यायलायले समलैंगिक सम्बन्धलाई प्रदान गरेको वैधता तथा धार्मिक संगठनहरूले गरेको यस फैसलाको विरोध आदि सर्न्दभलाई लिएर धार्मिक पक्षबाट यौनिकता र लैंगिकताको विषयमा प्रस्तुति गर्नु भएको थियो । कार्यक्रमको अर्को भागमा जिल्लामा रहेका यौनिक तथा लैंगिक अल्पसंख्यक संगठनका प्रतिनिधीहरूले यस समुदायको मानवअधिकारको प्रबर्धनमा शुरु वर्षमा गर्नु परेका संघर्ष तथा हाल आएर उनीहरूले ल्याएका परिवर्तनका बारेमा पनि जानकारी प्रदान गरिएको थियो । त्यसै सिलसिलामा नर्वे र स्वीडेनका युवा कम्न्युष्टि क्रान्तिकारी संगठनका प्रतिनिधिहरूले नेपालमा चलिरहेको यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको आन्दोलन विश्वभरका LGBT को लागी पनि प्ररणादायी रहेको उल्लेख गरेका थिए । कार्यक्रममा नील हिा समाजका सचिव श्री रोशन महतोले कलेज तथा विश्वविद्यालयमा अध्ययन गर्ने यौनिक तथा लैंगिक अल्पसंख्यक विद्यार्थीहरूको हक हितको लागी हालै स्थापना भएको यौनिक तथा लैंगिक अल्पसंख्यक विद्यार्थी मञ्चको बारेमा र हाल यस मञ्चले गरेका कामहरूको बारेमा जानकारी गराएका थिए । कार्यक्रमको अन्तिममा नेकपा संयुक्तका महासचिव श्री गणेश शाहले यस समुदायको आन्दोलन निकै अघि बढेको र समुदायका साथीले आफुले पनि समाजमा गर्न सक्ने योगदानको बारेमा पनि सोच्न आग्रह गर्नु भयो ।

सम्मेलनको अन्तिम दिनमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय पक्षमा समानता मुलक कानुनको निर्माणमा सहयोग पुऱ्याउने हेतुले नील हिरा समाजको तर्फबाट अधिवक्ता श्री सोम सापकोटाले तयार पार्नु भएको यौनिकता तथा लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संसोधन गर्न विधयेकको बारेमा प्रत्येक धारा तथा उपधारामा छलफल चलाई समुदायकै प्रतिनिधीहरूबाट सहमति कायम गर्दै सम्मेलनमार्फत समर्थन लिईएको थियो । विधयेक प्रस्तुत हुनु अघि माननीय सभासद श्री रेणु चन्दले वास्तवमा सरकारले गर्नु पर्ने कानुन संसोधन तथा निर्माणको कामलाई समुदायले नै सम्पन्न गरेकोमा समुदायलाई बधाइ ज्ञापन गर्नुभयो । प्रमुख अतिथी माननीय गृह राज्य मन्त्री रिजमान अन्सारीले सर्वोच्चको फैसला अझै कार्यन्वयन नहुनु र तेश्रो लिंगीहरूले आफ्नो पहिचान अनुसारको नागरिकता नपाउनमा सरकारी निकायमा भएका कमिकमजोरीलाई सच्याउने प्रतिवद्धता व्यक्त गर्नु भयो । कार्यक्रममा विद्यार्थी नेताहरूले पनि आफ्ना मन्तव्य प्रस्तुत गरेका थिए ।

## सुरक्षाकर्मी र गैरसरकारी संघसंस्थाहरुलाई यौनिकता र लैंगिकता तथा मानवअधिकार विषयक अर्न्तक्रियात्मक कार्यक्रम सम्पन्न



नील हिरा समाजको आयोजनामा क्षेत्रिय कार्यलयहरूको पहलमा नेपालका विभिन्न शहरमा यही जुलाई र अगष्ट महिनाभरी प्रहरी लगायत ती क्षेत्रमा विभिन्न सवालमा कार्यरत गैरसरकारी निकायका प्रतिनिधीहरूलाई लैंगिकता र यौनिकता तथा यो समुदायको मानवअधिकार विषयमा सचेतनामुलक कार्यक्रमहरू सम्पन्न गरियो । कार्यक्रमको मुल उद्धेश्य यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको बारेमा प्रहरी समुदाय र सामाजिक सवालमा काम गर्ने गैरसरकारी निकायका प्रतिनिधीहरूलाई जानकारी प्रदान गर्नु थियो । अन्य नागरिक सरह यी समुदाय पनि समाजकै हिस्सा भएकाले समुदायका सदस्यहरूलाई अन्य नागरिक सरह समानतामुलक कानुन लागु गर्न पर्ने र गैरसरकारी निकायले अन्य सिमान्तक्रित समुदायका सवालहरू उठान गरेझैं यो समुदायका आवाजलाई पनि सम्बन्धित ठाउंहरूमा लगिदिने, वकालत गरिदिनु पर्ने भनी कार्यक्रममा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका प्रतिनिधिहरूले उठाएका थिए । कार्यक्रममा नील हिरा समाजका साझेदारी संस्थाका प्रमुखहरूले संस्थाको उद्धेश्य, कामहरू तथा अधिवक्ताहरूले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मानवअधिकारका सवालहरू, मानवअधिकार उलंघन, कानुनी विकासक्रम, तथा सम्माननीय सर्वोच्च अदालतको फैसलाको बारेमा स्पष्ट पार्नु भएको थियो । कार्यक्रममा सहभागीहरूले निकै उत्सुक्तापुर्वक आफ्ना जिज्ञासाहरू राखेका थिए ।

## नागरिकताको लागि धर्ना

सम्माननीय सर्वोच्च अदालतले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको नाममा नेपाल सरकारको नाममा जारी गरेको निर्देशनात्मक आदेशको अवधि २ वर्ष भइसक्तापनि त्यसको कार्यन्वयन पक्षमा कुनै प्रक्रिया अघि नबढेको र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय अझै पनि पहिचान विहिन अवस्थामा रहनु परेकोले यसको कार्यन्वयनमा झकझकाउन नेपालका यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले आ-आफ्ना क्षेत्रबाट जिल्ला प्रशासन कार्यालयमा गई धर्ना दिने र अन्य दवावमुलक कार्यक्रमहरू आयोजना गरेका छन् । समुदायले तेश्रो लिंगीको नाममा पनि नागरिकता जारी गर्नु पर्ने माग राखेका थिए । यसै गरि राजधानीमा पनि यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका प्रतिनिधीहरूले गृहमन्त्रालय, जिल्ला प्रशासन, कानुन मन्त्रालय तथा उच्च प्रतिनिधीहरूमा संवैधानिक समितीका विभिन्न विषयगत उपसमितीहरूका अध्यक्षहरू र प्रतिनिधीहरू समक्ष ज्ञापनपत्र बुझाउने, भेटघाट गर्ने, आफ्ना सवालहरू राख्ने लगायत प्रधानमन्त्री, राष्ट्रपतिलाई पनि आफ्ना सवालहरू अवगत गराउने कामहरू भईरहेका छन् ।

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले धर्ना दिएका स्थानहरूमा काठमाडौ, ललितपुर, भक्तपुर, चितवन, रूपन्देही, कास्की, बांके, विरगञ्ज, जनकपुर, राजविराज, सुनसरी, मोरङ्ग, धनगढी जस्ता जिल्लाहरू पर्दछन् ।

ललितपुर – परिचय समाजद्धारा मिति ०४ जुलाई, २००९ का दिन कुपण्डोलमा "तेस्रो लिंगिको मजदुरी हक" नामक सडक नाटक देखाईएको थियो । त्यस नाटकको मुल संदेश महिला, पुरुष तथा तेश्रो लिंगिको पारिश्रमिक दर उनीहरूको लैंगिक पहिचानको आधारमा तोकिएको देखाईएको थियो र यस्तो समाजमा मानवताको सही मुल्यांकन नभएको र यसमा न्याय हुनुपरयो भन्ने कुरा प्रष्ट देखाईएको थियो । जसमा सबैले बराबर काम गरेता पनि तेश्रो लिंगिलाई महिला र पुरुष भन्दा कम पैसा दिईएको थियो अनि पछि प्रहरी आएर मजदूरी हक तथा लैंगिक अधिकारको बारेमा बुझाएपछि त्यहांको मालिकले कुरा बुझेर आफ्नो भुल स्विकारेर सबै कामदारहरूलाई अबदेखि समान नजरले हेरी समान अधिकारका साथै पारिश्रमिक सबैलाई समानरूपले वितरण गर्ने अठोट गरेका थिए । यस सडक नाटकको प्रभावले स्कुलबाट फर्केका विद्यार्थिहरूले लैंगिकताको बारेमा जानकारी पाए साथै सबै ओहोर दोहोर गर्ने यात्रीहरूले पनि आफ्नो काम एकछिन थाती राखेर उत्साहित भई हेर्न बसेका थिए र उनीहरूल अब अर्को नाटक कहिले कहां देखाउने हो भनेर जिज्ञासा प्रकट गरेका थिए ।



# लैंगिक अल्पसंख्यकका मुद्दामा आमसञ्चारको स्थान

एकल सिलवाल

समलिङ्गी, तेश्रोलिङ्गी, द्विलिङ्गी वा अन्तर–लिङ्गी जस्ता लैंगिक र यौनिक रूपमा अल्पसंख्यक व्यक्तिको स्वतन्त्र पहिचानलाई नेपाली समाजले आजसम्म स्वीकार्न सकेको छैन । यसका पछाडि दुईवटा आधारभूत कारणहरु छन् । पहिलो, विपरीतलिङ्गीहरु भन्दा फरक लैंगिक तथा यौनिक स्वभाव हुनेहरूको संख्या ज्यादै कम छ । दोश्रो कारण, समाजमा फरक लैंगिक अस्तित्व भएका व्यक्तिहरूमध्ये अधिकांशलाई आफ्नो पहिचान थाहा छैन । अझ विपरीतलिङ्गीहरु त आफ्नोभन्दा फरक लैंगिक तथा यौनिक अस्तित्वको कल्पनासम्म गर्न सक्दैनन् । उनीहरु आफूसँग नमिलेकै कारण खासगरी समलिङ्गी, द्विलिङ्गी तथा तेश्रोलिङ्गी यौन अभिमुखीकरणलाई अप्राकृतिक ठान्दछन् । अर्थात् विपरीतलिङ्गी स्वभाव मात्र सुसँस्कृत र समलिङ्गीपन वा तेश्रो लिङ्गीयता विकृत चिज हो भन्ने उनीहरूलाई लाग्छ ।

पहिलो कारणका लागि प्रकृतिलाई दोष दिएर उम्कन सकिएला । किनभने विपरीतलिङ्गी भन्दा फरक लैंगिक तथा यौनिक स्वभाव हुनेहरूको संख्या कम बनाउनमा मान्छे नभई प्रकृति नै जिम्मेवार छ । मान्छेको चाहनाले न लैंगिक तथा यौनिक अल्पसंख्यकहरूलाई बढाउन सकिन्छ न त वहुसंख्यकहरूलाई घटनाउन नै । दोश्रो कारणलाई केलाउने हो भने चाहिँ दोषी देखाउने चोरऔंलो समाजमा चेतना छर्ने दायित्व बोकेका समकालीन आमसञ्चार माध्यमहरूतिर सोझिन्छ । विगतमा जे जसो भए पनि आधुनिक युगमा कोही व्यक्ति आफैलाई चिन्न र चिनाउन सक्दैन वा अरूलाई चिन्न पाउँदैन भने त्यसको दोषी ऊ नभई उसलाई सूचना दिनुपर्ने दायित्व लिएका सञ्चारमाध्यम र तिनका कर्तव्यपरायण सञ्चारकर्मीहरु हुन् । नेपाली सञ्चार माध्यमहरूले यस्तो समिक्षा गरेर आफूलाई सच्याउन ढिला गर्नुहुँदैन ।

अखबार, पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन जस्ता आमसञ्चार माध्यमहरूले समाजमा पुर्‍याएको योगदानलाई नजर अन्दाज गर्न मिल्दैन । यद्यपि नेपालका लैंगिक तथा यौनिक अल्पसंख्यकहरु आफ्नो आवाजलाई यहाँका सञ्चार माध्यहरूले अहिलेको भन्दा बढी सशक्त पारिदिऊन् भन्ने चाहन्छन् । त्यसका लागि गाह्रो पनि छैन । चेतना र संगठनको शक्तिबाट देशका मुख्य सहरहरूमा यस्ता अल्पसंख्यकहरु आफ्नो अधिकारका लागि आफै अघि सरेर बोलिरहेका छन् । उनीहरूको स्वर टपक्क टिपेर सम्प्रेषण गरिदिए पुग्छ । त्यसले देशका कुनाकुनामा आवाज दबाएर बाँचेका अरूहरु पनि बोल्न थाल्छन् । यो कुनै असामाजिक अभियान होइन बरू मान्छेले जन्मँदैमा लिएर आएको मानवअधिकार वहालीको आन्दोलन हो ।



किनभने यदि कुनै खास व्यक्तिमा समलिङ्गी, द्विलिङ्गी वा तेश्रोलिङ्गी यौन अभिमुखीकरण देखिनु विकृति थियो भने यसले विपरीत लिङ्गीहरूलाई पनि असर पार्नुपर्थ्यो जसरी चोरी, डकैती, ठगी, लुटपाट, भ्रष्टाचार, घुसखोरी जस्ता विकृतिहरूले जोकसैलाई छुन्छ । व्यक्तिको लैंगिक तथा यौनिक अभिमुखीकरण त्यसरी बदलिएको समाजमा कहीं देखिएको छैन ।

आमसञ्चार माध्यमहरूले लैंगिक तथा यौनिक अल्पसंख्यकहरूले आफ्नो नैसर्गिक अधिकारका लागि लड्दा वेहोरेका त्यस्ता अनेकौं लाञ्छना र चुनौतीहरूलाई पनि चिरफार गर्नु आवश्यक छ । शारीरिक स्वरूप हेरेर समाजले तोकिदिने लैंगिक तथा यौनिक भूमिका असहज लागे पनि स्वीकार्नुपर्ने उनीहरूको वाध्यताले मानव सभ्यताकै अपमान गरेको छ ।

विगतमा यस्ता अल्पसंख्यकहरूले विपरीत लिङ्गवादी मानसिकताको अगाडि मौन बनेर विताएको जीवन पक्कै यातनातुल्य थियो । त्यस्ता दिनहरु इतिहास भएर प्रत्येक लैंगिक अल्पसंख्यक व्यक्तिले विपरीतलिङ्गीवहुल समाजका अगाडि आफ्नो प्रकृतिअनुसार स्वतन्त्र पहिचान र सम्मान खोज्न सकेको दिन नेपाली आमसञ्चार क्षेत्रले एउटा दृष्टिदोष मेट्नेछ । त्यो दिन अल्पसंख्यकहरूको अधिकारबारे विपरीतलिङ्गवाद बेखबर पन बस्नेछैन जसले आजसम्म समलिङ्गी, द्विलिङ्गी, तेश्रोलिङ्गी वा अन्तरलिङ्गीहरूलाई बेकसुरमा अपराधी झैं लुक्न वाध्य बनायो, वैयक्तिक स्वतन्त्रता विपरीत निसासिएर बाँच्न लगायो ।

विगतको असमानताबाट पाठ सिक्दै यतिवेला लैंगिक अल्पसंख्यकका मुद्दाहरु उनीहरूकै अधिकारको आँखाबाट उठाइदिनसके बाँकी समाजले सुसूचित हुने मौका पाउँछ र समलिङ्गी, द्विलिङ्गी, वहुलिङ्गी, तेश्रोलिङ्गी वा अन्तरलिङ्गीहरूप्रति सामाजिक स्वीकृतिको स्तर उकासिन्छ । किनभने अहिले नयाँ संविधान निर्माण प्रक्रिया चलिरहेको छ । यस्तो संक्रमणकालीन समयमा लैंगिक अल्पसंख्यक समुदायका मानवीय, प्राकृतिक, जैविक, सामाजिक, साँस्कृतिक, राजनीतिक, आर्थिक र वैयक्तिक अधिकार स्थापित गर्ने अभिभारा नेपाली सञ्चारमाध्यमहरूमाथि छ । यसलाई अवसरको रूपमा स्वीकार्न सके सामाजिक न्याय जन्मनेछ नत्र फेरि पनि यो देशमा मानव समानता र स्वतन्त्रताको सपना अनिश्चितकालका लागि तुहिनेछ ।

(पत्रकार सिलवाल एचआईभी र एड्स मिडिया समन्वय समिति चितवनका अध्यक्ष पनि हुन् ।)

> **“राज्यले तेश्रो लिंगी नागरिकलाई नागरिकता सहितको पहिचानको सम्मान गरोस् ।”**
> **- नील हिरा समाज**

## सम्पादकीय

हामी फेरी पनि यस बुलेटिन मार्फत यहां समक्ष आएका छौं । पहिलो बुलेटिनको प्रकासनको हाम्रो अनुभव के रह्यो भने सर-सरती बुलेटिनमा उल्लिखित कार्यक्रमहरूको लेखाजोखा गर्दा नील हिरा समाज लगायत नेपालभरि छरिएर रहेका यसका साझेदारी संस्थाहरूले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको मानवअधिकारको प्रर्वधन गर्न निकै धेरै सक्रियता देखाएको कुरा प्रष्टिन्छ । नेपालका विभिन्न जिल्लामा अवस्थित यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका संगठनहरूको संघर्ष, उनीहरूले समाजमा रहेका विभेद र लांछनाका बावजुद पनि गरेका मानवअधिकार सम्बन्धि जोडदार कार्यक्रमहरू, स्थानीय सामाजिक, सरकारी तथा गैरसरकारी संस्थाहरू, मानवअधिकार वादी संघसंस्थाहरू, राजनैतिक दलहरू, सभासदहरू तथा संचारमाध्यमहरूसंग समन्वय गरी उनीहरूको समुदायको पक्षमा सकरात्मक सोचको विकास गरी जुन अथाह काम गरेका छन्, सायदै यो सानो उदाहरण होला । अन्य समुदाय वा संगठन भन्दा यस समुदायको आन्दोलनमा के मात्र फरक छ भने, यो समुदाय सबै अल्पसंख्यक तथा सिमान्तक्रित समुहको संघर्षमा सहकार्य गरी समाजका प्रभावशाली निकायहरूसंघ नरम ढंगबाट आफ्ना सवाललाई मुलधारमा ल्याउन सफल भएको छ । यस समुदायको संघर्षको समय अझै पनि पुर्ण भईसकेको छैन । दुइ वर्ष अघि जारी भएको सम्माननीय सर्वोच्चको निर्देशनात्मक आदेश अझै पनि कार्यन्वयनको तहमा आईपुगेको छैन । यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले अझै पनि आफ्नो लैंगिक पहिचान अनुसारको नागरिकता पाईसकेका छैनन् । सार्वजनिक समारोहमा विभिन्न मन्त्री तथा सरकारी उच्च निकायका प्रतिनिधीहरूले आश्वासन बांढेतापनि त्यो कार्यन्वयन हुन सकेको छैन । नयां संविधानको निर्माणको क्रम अझै जारी छ । अतः समुदायका साथीहरूले नयां बन्ने संविधानमा यौनिक तथा लैंगिक अल्पसंख्यकका सवालहरूलाई विशेष रूपमा नै सम्बोधन गराउने हेतुले नै आफ्ना संघर्ष, लबी, वकालत तथा अन्य गतिविधीहरूलाई सघन बनाउनु पर्ने देखिन्छ । यस्तो प्रयास सबै जिल्लाबाट समान तवरले आउंदा निकै प्रभावकारी हुने र निती निर्माणमा रहनेले पनि यस्ता समुदायको आवाजलाई नजरअन्दाज गरिहाल्न नसक्ने हाम्रो अनुभव रहेको छ । अतः समानता मुलक समाजको निर्माणको हाम्रो यात्रा अघि बढिरहोस् । अस्तु ।

# गाइजात्रा र्‍याली कार्यक्रम सम्पन्न

२०६६, श्रावण २२ गते - नील हिरा समाजले विगत वर्षमा झैं यस पटक पनि गाईजात्राको अवसर पारेर विभिन्न स्थानीय तथा राष्ट्रिय संस्क्रिति, परम्परा र झांकी सहितको वृहत rally को आयोजना गर्‍यो । यस rally मा नेपालभरिका यौनिक तथा लैंगिक अल्पसंख्यकहरूले विभिन्न बाजागाजा, संस्क्रिति सहित आ-आफ्ना हक अधिकार दर्शाउने किसिमका placard, posters हरू पनि प्रर्दशन गरी आफ्नो अस्तित्वको पहिचानलाई समाज, राज्य तथा अन्य संम्बन्धित निकायमाझ ध्यानाकर्षण गराएका थिए । ती पोष्टर्समा लैंगिक पहिचान अनुसारको नागरिकता, समानताको हक, राज्यका सबै तहमा यो समुदायको समावेशिकरण, शिक्षा, स्वास्थ्य तथा रोजगारमा पहुंचको व्यवस्था, आधारभुत मानवअधिकार लगायत विशेष गरी संविधान सभा, नयां बन्ने संविधानमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूका मुद्दाहरूलाई संबोधन गरिनु पर्ने सर्न्दभलाई यस गाईजात्रा पर्वसंग जोडिएको थियो । साथै जक्ष को बारेमा जनचेतना फैलाउनु पनि अर्को महत्वपुर्ण उद्धेश्य रहेको छ । करिव ५०० भन्दा बढी यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र अन्य सर्वसाधारणको पनि उपस्थिती रहेको थियो । करिब ११ बजे तिर र्‍याली संचयकोष भवन ठमेलबाट विविध झांकी सहित नरसिंहचोक हुंदै, क्षेत्रपार्टी, ठहिटी, भेंडासिंह, इन्द्रचोक, हनुमानढोका भएर बसन्तपुरमा सामाजिक हिंसा एवं HIV बाट दिवांगत यौनिक तथा अल्पसंख्यक समुदायको स्मरणमा दिप प्रज्वलन गरी न्युरोड, रत्नपार्क हुंदै दरबार मार्गमा संगीत/नृत्य सहित करिब २ बजे तिर समापन भएको थियो ।




# परिवर्तनशिल समाज विराटनगरलाई जिविसबाट आर्थिक रकम सहयोग

यौनिक तथा लैङ्गिक अल्पसंख्यक (समलिङ्गी तथा तेस्रोलिङ्गि) व्यक्तिहरूको लागि यौन स्वास्थ्य र मानव अधिकार क्षेत्रमा काम गर्दै आईरहेको परिवर्तनशिल समाजले अभिमुखीकरण तालिम, लान्छना भेदभाव कम गर्नको लागि सडक नाटक कार्यक्रमहरू गर्नको लागि जिल्ला विकास समिति (DACC) वाट आर्थिक सहयोगका लागि पहल गरेको थियो जसवाट रू. १०,०००/- रकम प्राप्त गरेको थियो । त्यस रकमबाट वाट २ वटा आधारभुत अभिमुखिकरण तालिम (BOT) र एउटा सडक नाटक संस्थाले सम्पन्न गरेको थियो । BOT कार्यक्रममा सहभागि भएका ३२ जनाको सहभागिहरूको उपस्थितिमा यो कायक्रम संचालन गरिएको थियो । जसमा यौनरोग एच.आई.भि./एड्स वारे जानकारी, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको यौन स्वास्थ्य र शिक्षा अनि मानवअधिकार संवन्धि जानकारी दिईएको थियो । मिति २००९/०७/२५ मा विराटनगर ३ तिनपैनी चौकमा सडक नाटक प्रदर्शन गरिएको थियो । सडक नाटकको उद्देश्य कसैलाई पनि लैङ्गिक पहिचानको आधारमा भेदभाव नगरौ भन्ने रहेको थियो । यस सडक नाटक प्रदर्शन गर्ने क्रममा नाटक हेर्ने दर्शकहरू लगभग २०० जना थिए । नाटकले समाजमा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई समाज वाट लान्छना भेदभाव नगरी समान व्यवहार गर्नु पर्ने सन्देश प्रसारित गरेको थियो ।


**नील हिरा समाज**
शिवभक्तिमार्ग ३४४, खुर्सानीटार, लाजिम्पाट, काठमाडौं, फोन नं ४४४३३५०, ४४४५१४७
website: www.bds.org.np, email: bluediamondsociety@yahoo.com
युरोपेली संघ